annapurnapost.com
अन्नपूर्ण पोस्ट

वर्ष २४, अंक ४१ पृष्ठ ८ | काठमाडौं, सोमबार २६ जेठ २०८२ | जेष्ठ शुक्लपक्ष त्रयोदशी नेपाल संवत् ११४५ | MONDAY, JUNE 9, 2025 | काठमाडौं, इटहरी, बुटवल र कोहलपुरबाट एकैसाथ प्रकाशित | मूल्य : रु. १०

कभर स्टोरी

# माथि सर्दै हिमरेखा, जनजीवनलाई चुनौती

हिमाली क्षेत्रमा बर्सेनि हिमरेखा (हिउँको स्थायी रेखा) माथि माथि सर्दै गरेका छन्। अर्कोतिर, जलवायु परिवर्तनका कारण हिमाल नाङ्गा हुने क्रम बढेको छ। यसले देशकै पारिस्थितिक प्रणालीमा असन्तुलन सिर्जना गरिरहेको छ। जसबाट हिमाल, पहाड र तराई क्षेत्रमा गम्भीर पर्यावरणीय, सामाजिक र आर्थिक प्रभाव पार्दै आएको छ। हिमनदी पग्लने, हिमरेखा माथि सर्ने, जलस्रोत सुक्ने, प्राकृतिक प्रकोप बढ्ने र जैविक विविधतामा परिवर्तनलगायतका समस्याले मुलुककै जनजीवनलाई समेत चुनौती दिएको छ। यसबाट जोगिन समयमै अनुकूलनका काम जरुरी भएको वातावरणविद्हरू बताउँछन्।

**शिवप्रसाद ढुंगाना** | *ओखलढुंगा*

– को रिपोर्ट



समाचार पृष्ठ २

# टेलिकमको बिलिङ सिस्टममा साढे ३३ करोडको गडबडी



सुनील पौडेल



संगीता पहाडी

## प्रबन्ध निर्देशक पहाडीसहित १८ विरुद्ध मुद्दा

समाचार प्रभाव

**सुरेन्द्र काफ्ले** | *काठमाडौं*

अख्तियार दुरुपयोग अनुसन्धान आयोगले नेपाल टेलिकमको बिलिङ प्रणालीमा ठूलो भ्रष्टाचार भएको ठहर गर्दै प्रबन्ध निर्देशक संगीता पहाडी, तत्कालीन प्रबन्ध निर्देशक सुनील पौडेलसहित १८ जनाविरुद्ध विशेष अदालतमा मुद्दा दायर गरेको छ। उनीहरूविरुद्ध ३३ करोड ४८ लाख १७ हजार ४३० रुपैयाँ बिगो मागदाबी गरिएको छ।

यसअघि अन्नपूर्ण पोस्ट्ले टेलिकमको बिलिङ प्रणालीमा ठूलो अनियमितता भएको भन्दै खोजी समाचार प्रकाशित गरेको थियो। अन्नपूर्ण पोस्टले २०७९ मंसिरमा 'साँठगाँठमा १० प्रतिशत बिलिङ गुमाउँदै टेलिकम' र २०७९ फागुन ३ गते 'टेलिकमको बिलिङ प्रणालीमै खराबी, टेलिकमलाई ठूलो घाटा' शीर्षकमा समाचार प्रकाशित गरेको थियो। बिलिङमा भएका गडबडीबारे अन्नपूर्णमा समाचार प्रकाशित भएपछि अख्तियारले अनुसन्धान थालेको थियो। टेलिकमको कन्भर्जेन्ट रियल टाइम बिलिङ (सीआरटीबी) मा १० प्रतिशतसम्म बिलिङ लस हुन्छ। अर्थात्, टेलिकमको कलबाट हुने दैनिक सरदर ९ करोडको कारोबारमा १० प्रतिशत अर्थात् ९९० लाख रुपैयाँ बिल बनाउन छुटाए खेर जान्छ। घाटा लाग्छ। यो विषय उठान गरिएको थियो।

लामो अनुसन्धानपछि अख्तियारले दूरसञ्चार कम्पनी लिमिटेडका तत्कालीन प्रबन्ध निर्देशक पौडेल, तत्कालीन प्रमुख व्यावसायिक अधिकृत हाल प्रबन्ध निर्देशक पहाडी, तत्कालीन प्रमुख प्राविधिक अधिकृत प्रतिभा वैद्य, प्रमुख वित्तीय अधिकृत राजेन्द्र श्रेष्ठ, प्रमुख सञ्चालन अधिकृत झविन्द्रलाल उपाध्यायविरुद्ध मुद्दा दायर गरेको हो। यस्तै, निर्देशक विनिता श्रेष्ठ, निमित्त निर्देशक अमूल प्रधान, प्रबन्धक देवेन्द्र खतिवडा, उपप्रबन्धकहरू राजीवकुमार केसी, सन्तोषकुमार श्रेष्ठ, नवल चौधरी, मुक्तिप्रसाद अर्याल, हेमप्रभा रामप्रताप कर्ण र परमात्मा भट्टराईलाई प्रतिवादी बनाएको छ। अख्तियारले एसिया इन्फो लिंकेज टेक्नोलोजिज (चाइना) इन्कलाई पनि प्रतिवादी बनाएको छ। अहिले उक्त कम्पनीको नाम एसिया इन्फो युङहाङ सफ्टवेयर (बेइजिङ) लिमिटेड छ।

**कमिसनमा ५ प्रतिशत छुट**

२०६८ पुस ६ गते नेपाल टेलिकम र एसिया लिंकेज टेक्नोलोजिज (चाइना) इन्कबीच सम्झौता भएको थियो। कन्भर्जेन्ट रियल टाइम बिलिङ र कस्टमर सपोर्ट (सीआरबीटी र सीएस) बिलिङ प्रणाली खरिद गर्ने उद्देश्यले सम्झौता भएको थियो। जीएसएम मोबाइल, फाइबर, इन्टरनेट, लिज्ड लाइन, वाइरलाइन/वायरलेस ब्रन्डब्यान्ड आदि दूरसञ्चारसम्बन्धी सेवाहरूको बिलिङ विभिन्न प्लेटफर्मबाट विद्युतीय माध्यमबाट सञ्चालन भइरहेको प्रणालीलाई एउटै प्लेटफर्ममा एकीकृत गर्ने, रियल टाइम बिलिङ गरी तुरुन्तै शुल्क गणना र अपडेट गर्ने उद्देश्यले सम्झौता भएको थियो।

खरिदसम्बन्धी मूल सम्झौताबमोजिम वारेन्टी कम्प्लिसन सर्टिफिकेट जारी भएपछि एनुअल मेन्टेनेन्स कन्ट्याक्ट (एएमसी) सेवा ६ वर्षसम्मलाई लिन सकिने र एएमसी सेवा लिने दिने गर्दा ५ प्रतिशतको घट्दो दरमा भुक्तानी गर्नुपर्ने स्पष्ट व्यवस्था गरिएको थियो। यो सम्झौताका सर्तहरू पहिलेदेखि सम्झौताकारी पक्षसँग भए गरेको

AMN EV RALLY
2025

जानीजानी प्रतिवादीहरूले बदनीयत राखेर ५ प्रतिशत छुटसहितको एएमसी सेवाको प्रावधान प्रतिकूल हुने गरी एसिया इन्फोसँग अस्वाभाविक मूल्य कायम गरी दुई करोड ५ लाख ६३ हजार अमेरिकी डलरमा सेवा (एएमसी) सेवा खरिद गर्ने सम्झौता गरेको अनुसन्धानमा पाइएको अख्तियारको आरोपपत्रमा उल्लेख छ।

एसिया इन्फो लिंकेज टेक्नोलोजी (चाइना) इन्क तथा उक्त कम्पनीका वरिष्ठ निर्देशक लोङ योङ, सीआरबीटी एन्ड सिएस प्रोजेटेक्स अफिस काठमाडौंका तत्कालीन अप्रेसनर प्रोजेक्ट म्यानेजर ह्वाङ वेई र लोकल एजेन्ट अरनिको इन्टरनेसनल प्रालिका निर्देशकले मिलेमतोमा भ्रष्टाचार देखिएको अख्तियारको भनाइ छ। उनीहरूले टेलिकमलाई हानि र आफूहरूलाई फाइदा हुनेगरी लिनुपर्ने वार्षिक ५ प्रतिशत छुट गराएको पाइएको अनुसन्धानमा पाइएको छ।

» बाँकी पृष्ठ ३

# कहिले महामित्र, कहिले दुस्मनीको पराकाष्ठा

## ट्रम्प-मस्क सम्बन्ध

**सुरज भण्डारी** | *अमेरिका*

अमेरिकी राष्ट्रपति डोनाल्ड जे ट्रम्प र विश्वकै धनी व्यक्ति एलोन रिभ मस्कबीचको सम्बन्धमा दरार उत्पन्न भएको छ। सन् २०२४ को जुलाईमा पेन्सेलभेनियाको बटलरमा चुनावी र्‍यालीपछि मस्कले ट्रम्पलाई समर्थन गर्ने घोषणा गरेका थिए। उनले ट्रम्पको चुनावी अभियानमा महत्त्वपूर्ण आर्थिक सहयोग पनि गरे। त्यस बेलादेखि ट्रम्प र मस्कबीच 'गाला चाटाचाटको सम्बन्ध' बन्यो। तर, फेरि दुवै जना एकअर्काको दुस्मनजस्तै अभिव्यक्ति दिइरहेका छन्।

हुन त सन् २०२४ को जुलाई अघिसम्म मस्क ट्रम्पको पक्षमा नदेखिएका मात्र होइनन्, ट्रम्प पहिलो कार्यकालमा राष्ट्रपतिको उम्मेदवार बन्दा मस्कले त्यसको खरो विरोध गरे। तर, समयसँगै राष्ट्रपति ट्रम्प र मस्कबीचको सम्बन्ध नजिकिएको थियो। करिब १० वर्षदेखि चिनजानमा रहेका उनीहरूबीचको सम्बन्ध गत वर्षदेखि नजिकको सहकार्यमा परिणत पनि भएको थियो।

त्यसअघि मस्कले 'ट्रम्प राष्ट्रपति बन्न योग्य छैनन्' भन्ने आरोप लगाएका थिए। मंगल ग्रहमा रकेट लाने कुरा पागलको परिकल्पना भन्ने ट्रम्पको खिसीट्युरीको खुलेरै विरोध जनाए। तर, पछिल्लो समय 'अमेरिकाका लागि चाहिने व्यक्ति ट्रम्प हुन् र म उनलाई इन्ड्रोस गर्दछु' भन्ने मस्कको भनाइ सार्वजनिक भयो। त्यति मात्र होइन, ट्रम्पको प्रशंसा गर्दै मस्कले, 'अरू कसैले गर्न नसक्ने काम उनले गर्न सक्छन्, उनी जिनियस छन्' भन्ने खालको अभिव्यक्ति पनि दिए। दोस्रो राष्ट्रपतीय निर्वाचनमा ट्रम्प र मस्कबीच सम्बन्ध निकै नजिकको बन्न पुगेको थियो।

यसैबीच, ट्रम्पको एक्समा भएको अकाउन्ट पुनर्स्थापित पनि भएको थियो, जुन एक्स सामाजिक सञ्जाल मस्कको हो। ट्रम्पलाई राष्ट्रपति बनाउन मस्कले सकेको जोड बल गरे। राष्ट्रपति ट्रम्पले मस्कको परियोजनामा साथ मात्रै दिएनन्, विश्व चर्चित विद्युतीय कार टेस्लाको प्रबर्द्धनमा पनि योगदान दिए। ट्रम्पले यसबीच टेस्लासमेत किनेका थिए। राष्ट्रपति निर्वाचित भएपछि ट्रम्पले आफ्नो वरिष्ठ सल्लाहकारकै रूपमा भूमिका खेल्न सक्ने गरी डिपार्टमेन्ट अफ गभर्मेन्ट इफिसेन्सी विभाग गठन गरी त्यसको प्रमुख मस्कलाई बनाएका थिए।



संघीय सरकारको अनावश्यक खर्च कटौती गर्दै डिजिटल टेक्नोलोजीमार्फत काम गर्दै खर्च मितव्ययी बनाउन भूमिका निभाउने जिम्मेवारीसहितको सो विभागले सक्रियता बढाउँदै काम पनि गर्‍यो। ट्रम्प प्रशासनको सहयोगी बन्दै सुझावसमेत दियो। मस्कको सक्रियता र भूमिका आलोचनामुक्त भने रहन सकेन। संघीय सरकारका मन्त्री र विभिन्न विभागीय प्रमुखहरू, कर्मचारीहरूले पनि उनको भूमिकाप्रति सन्तोष नमानेका खबरहरू आइरहे। तर, ट्रम्पका प्रिय बन्दै मस्कले काम गरे।

यसबीच मस्कको परिवार किन ह्वाइट हाउसमा? मस्कका छोरा किन राष्ट्रपति कार्यालयमा? जस्ता प्रश्न पनि उठे। आलोचना भइरहे पनि ट्रम्प-मस्क आफूहरूको सहकार्य दरिलो भएको प्रस्तुति दिइरहे। मस्कको डिपार्टमेन्ट अफ गभर्मेन्ट इफिसेन्सीमा सक्रियता बढिरहँदा यता उनको एकल स्वामित्व रहेको टेस्लालगायत उनको स्वामित्व रहेको सामाजिक सञ्जाल र वस्तुहरूको सेयर मूल्यमा गिरावट आउन थाल्यो।

ट्रम्प प्रशासनमा विभिन्न मन्त्रालय सम्हालिरहेका मन्त्रीहरूसँग पनि मस्कको सम्बन्ध राम्रो नभएका खबरहरू आउन थाले। अन्ततः मस्कले आफूले अब डिपार्टमेन्ट अफ गभर्मेन्ट इफिसेन्सीमा समय कम दिने र टेस्ला तथा आफ्ना परियोजनामा ध्यान लगाउने उद्घोषसहित आफ्नो स्वामित्वको एक्समा पोस्ट गरे। त्यसको केही दिनमै ट्रम्पले कार्यकारी आदेशमार्फत बनाएको इफिसेन्सीबाट राजीनामा दिए।

जुन १ देखि टेस्लामै पूर्णतः ध्यान दिने गरी राजीनामा दिएका उनले १ सय ३० दिनमा आफूले अमेरिकी सरकारका लागि उल्लेखनीय योगदान दिएको दाबी गरे। तर, एकाएक जुन ५, बिहीबार दिनभर अमेरिकी राष्ट्रपति डोनाल्ड जे ट्रम्प र विश्वका धनी व्यक्ति एलोन रिभ मस्कबीच सामाजिक सञ्जालमा आरोप-प्रत्यारोप सुरु भयो। मस्कले आफ्नो स्वामित्वको एक्समा राष्ट्रपति ट्रम्प, उनको प्रशासन, उनको नीति र बन्दै गरेका बिलहरूमाथि कडा टिप्पणी गरे। अर्कोतर्फ राष्ट्रपति ट्रम्प सामाजिक सञ्जाल ट्रुथमा मस्कको शैली र उनको व्यवहार ठीक नभएको जस्ता सन्देश सहितका पोस्टहरू पोस्टिङ गर्न थाले। करिब दिनभरजसो सामाजिक सञ्जालमा राष्ट्रपति ट्रम्प र मस्कबीच आरोप प्रत्यारोपको दोहोरी चल्यो। सामाजिक सञ्जालमा दोहोरी भइरहँदा राष्ट्रपति ट्रम्प सोही दिन जर्मनका चान्सलर फ्राइड्रिज मर्जसँगको भेटघाटमा थिए।

सामाजिक सञ्जालमा आरोप प्रत्यारोपको शृखंला चलिरहँदा पछिल्ला केही दिनमा राष्ट्रपति ट्रम्प र मस्कले सञ्चारमाध्यममा समेत प्रतिक्रिया दिँदै एकअर्काविरुद्ध कडा प्रहार गर्न थालेका छन्। ट्रम्पले मस्कसँगको सहकार्य सकिएको बताइरहँदा मस्कले अहिले आइरहेको कर कटौती र खर्च वृद्धिसम्बन्धी आर्थिक बिल रोक्न कंग्रेससँग आग्रह गरेका छन्। सम्बन्ध राम्रो हुँदा किनेको टेस्लासमेत ट्रम्पले बेच्न सक्ने चर्चा सुरु भएको छ।

» बाँकी पृष्ठ ३